# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College

*"...devoted to making differences positively."*

मिति: २०८०/०३/०७

प.सं. PSTD/CIsT
च.नं. ६२०/०७९/८०

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

प्रस्तुत विषयका सन्दर्भमा नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD) तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको व्यहोरा अवगत नै छ । यसै क्रममा आ.व. २०८०/८१ को वार्षिक कार्यतालिका अनुरूप उक्त प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि तहाँबाट संलग्न तालिका बमोजिमको नामावली सचिव/विशिष्ट श्रेणीका अधिकृतस्तरबाट मनोनयन गराई नामावली र मनोनयन फारम मिति **२०८०/०३/२२ गतेसम्म प्रतिष्ठानमा आइपुग्ने गरी** पठाईदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको आधारमा प्रतिष्ठानद्वारा मनोनयन स्वीकृत गरिने व्यहोरा समेत अनुरोध छ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| PCMD १ | १ जना | २०८०/०४/१० देखि ३० कार्यदिने | श्री स्मृति प्रधान<br>प्रशिक्षण तथा अनुसन्धान अधिकृत<br>९८४११७६०२२ | अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि |
| PCMD २ | १ जना | २०८०/०४/२४ देखि ३० कार्यदिने | | |
| PCMD ३ | १ जना | २०८०/०५/०६ देखि ३० कार्यदिने | | |
| ACMD १ | १ जना | २०८०/०४/१७ देखि ३५ कार्यदिने | श्री सरोजा शाक्य<br>प्रशिक्षण तथा अनुसन्धान अधिकृत<br>९८५११६८०२५ | अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि |
| ACMD २ | १ जना | २०८०/०४/३१ देखि ३५ कार्यदिने | | |
| ACMD ३ | १ जना | २०८०/०५/१२ देखि ३५ कार्यदिने | | |

मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था:

१. अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८० जेष्ठ मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८० जेष्ठ मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. मनोनयन गर्दा तालिकामा उल्लेखित बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिईनेछ ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
६. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन् ।
७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन । तसर्थ तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
८. मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।
९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको ईमेल inservice@nasc.org.np मा समेत पठाउन सकिनेछ ।

विपिन ओझा
प्रशिक्षण तथा अनुसन्धान अधिकृत

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं. २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O. Box: 2152, Ph No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administration Staff College, Audio Notice Board No. 1618-01-552202